कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

TAKSAR
PIKHUWA KHOLA HYDROPOWER LIMITED

# टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड
# Taksar Pikhuwa khola Hydropower Ltd.

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-२२, खिचापोखरी, काठमाण्डौं, फोन नं. ०१-५३२१७७७
इमेल: taksarpikhuwahpp2017@gmail.com वेवसाइट: www.tpkhp.com.np

को

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३, धितोपत्र निश्कासन तथा बाँडफाँड निर्देशिका २०७४ अन्तर्गत प्रकाशित)**

# विवरणपत्र

कम्पनीले आफ्नो जारी पूँजी रु.१,२०,००,००,०००/- (एक अर्ब बिस करोड) को ३५.२६% अर्थात रु.४२,३०,६६,८००/- (बयालिस करोड तीस लाख छैसठ्ठी हजार आठ सय) रकम बराबरको रु.१००/- अंकित दरका कुल ४२,३०,६६८ (बयालिस लाख तीस हजार छ सय अठसठ्ठी) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जसमध्ये यस विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.१२,००,००,०००/- (बाह्र करोड) रकम बराबरको रु.१००/- अंकित दरका १२,००,००० कित्ता साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका स्थाई बसोबास गर्ने बासिन्दाहरु (भोजपुर जिल्लाको बासिन्दा) को निमित्त साधारण शेयर निष्काशन गरी बिक्री वितरण गरिने छ। सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.३,०३,०६,७००/- (तीन करोड तीन लाख छ हजार सात सय) रकम बराबरको रु.१००/- अंकित दरका ३,०३,०६७ (तीन लाख तीन हजार सठ्सठ्ठी) कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि, सार्वजनिक निष्काशन गरिने, शेयरको ५ प्रतिशत अर्थात रु.१,५१,५३,३००/- (एक करोड एकाउन्न लाख त्रिपन्न हजार तिन सय) रकम बराबरको रु.१००/- अंकित दरका १,५१,५३३ (एक लाख एकाउन्न हजार पाँच सय तेत्तिस) कित्ता शेयरहरु सामूहिक लगानी कोषका योजनाहरुको लागि र सार्वजनिक निष्काशन गरिने शेयरको २ प्रतिशत अर्थात रु.६०,६१,३००/- (साठ्ठी लाख एकसठ्ठी हजार तीन सय) रकम बराबरको रु.१००/- अंकित दरका ६०,६१३ (साठ्ठी हजार छ सय तेह्र) कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षितल राखी बाँकी रहेको २५,१५,४५५ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिने छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा भएको विवरण तथा उत्पादन अनुमतीपत्रको आधारमा आयोजना प्रभावित क्षेत्र छुट्टाइएको हो।

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- को दरले (शत् प्रतिशत) भुक्तानी माग गरिएको।**

**कम्पनीको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | अपरिकृष्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ पौष मसान्त | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर आम्दानी रु. | (४.९८) | १९.६६ | (०.७२) | ५.३२ | २.५७ | ७.०९ | ७.२२ |
| प्रति शेयर नेटवर्थ रु. | ८१.८२ | १०१.४९ | १००.७६ | १०६.०८ | १०३.०७ | १०५.१६ | १०७.३८ |
| संचित नाफा नोक्सान (हजारमा) | (१४१,२३४) | ११,५४२ | ५,९२९ | ४७,२४९.१० | ३६,८१३ | ६१,८९७ | ८८,५७३ |

| आयोजनाको नाम | कुल लागत रकम | प्रति मेगावाट अनुमानित लागत रकम | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | (IRR) |
|---|---|---|---|---|---|---|
| टक्सार पिखुवा खोला जलविद्युत आयोजना (८ मे.वा.) | रु.१ अर्ब ८८.२१ करोड | रु.१ अर्ब ८८.२१ करोड | अनुमतीपत्र बहाल रहने अवधि मिति २०७३/०३/०३ देखि २१०८/०३/०२ गतेसम्म रहेकोले २५ वर्ष ४ महिना बाँकी रहेको छ। | ९.१७ वर्ष | १८.३७ वर्ष | १०.२८% |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग ८ पृष्ठ नम्बर (२१, २२ र २३)मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड पुतलीसडक, काठमाण्डौंबाट इस्यूवर रेटिङ्ग गराई CARE-NP BB + (Is) [Double B plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ। CARE-NP BB+ (Is) ले "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भुक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" बुझिन्छ। केयर नेपाल लिमिटेडले CARE - NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ। यसको अर्थ CARE-NP BB(Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (ण) पृष्ठ नम्बर ४८ मा उल्लेख गरिएको छ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०२६ जनवरी २७ — रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०२७ जनवरी २२

**बिक्री वा हस्तान्तरण गर्न नपाईने:**

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, कर्मचारीहरुलाई र संस्थापक शेयरधनीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म र सामुहिक लगानी कोषले ६ महिना पूरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि छुट्याइएको शेयर सम्पूर्ण बिक्री नभए बराबरको शेयर सर्वसाधारणलाई मात्र निष्काशन गरिनेछ।

आयोजना प्रभावित, कर्मचारी र संस्थापक शेयरधनीका एकाघरको सदस्यले प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पुर्व संगठित संस्थाको शेयर प्राप्त गरेको शेयरधनीहरूले प्रारम्भिक सार्वजनिक निष्काशनको क्रममा दरखास्त दिने पाइने छैन।

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त भएको मिति : २०८२/११/०१**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८२/११/०५**

**विद्युत नियमन आयोगबाट कम्पनीको शेयरको सार्वजनिक निष्काशनको लागि सहमति प्रदान गरिएको मितिः २०८०/०६/०९**

**धितोपत्र निष्काशन खुल्ला हुने मिति**

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि | विदेशमा बसी रोजगार गरेका नेपालिहरुका लागि |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/११/२७ | धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/११/२७ |
| निष्कासन बन्द हुने मिति (छिटोमा) : २०८२/१२/११ (बैंकिङ्ग समय पश्चात्) | निष्कासन बन्द हुने मिति (छिटोमा) : २०८२/१२/०१ (बैंकिङ्ग समय पश्चात्) |
| निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०८२/१२/२६ (बैंकिङ्ग समय पश्चात्) | निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०८२/१२/११ (बैंकिङ्ग समय पश्चात्) |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Ltd.)

**प्रभु क्यापिटल लिमिटेड**

रजिष्टर्ड कार्यालयः कमलादी, काठमाण्डौं, नेपाल
फोन नं. : ९७७-०१-५९७०२००, ४१६९१००
Email: info@prabhucapital.com, Web: www. prabhucapital.com

**ख.१.विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

ख) **"धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंलाई सम्झनु पर्दछ ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चरवा सामुहिक लगानी योजना सम्वन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बोण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउंछ ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्कासनकर्ता कम्पनी **टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड, खिचापोखरी, काठमाण्डौ**लाई सम्झनु पर्छ ।

ङ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्कासन (आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका हकमा समेत) को लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

च) **"निष्कासन बैंक"** भन्नाले निष्कासन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्कासनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोगलाई सम्झनु पर्छ ।

ज) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले **टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड**को संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्छ ।

झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) **"स्थानियवासी"** भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात भोजपुर जिल्लामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

ट) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ठ) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार सङ्गठित संस्थाका शेयरको चक्ता पुँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने म्खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ ।

ड) **"लगानी फिर्ता हुने अवधि (Pay Back Period)"** भन्नाले लगानीकर्ताले आफुले लगानी गरेको रकम फिर्ता भुक्तानी हुने अवधी भन्ने सम्झनु पर्दछ । जसलाई वर्षमा ब्यक्त गरिन्छ । "साधारण लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजना बाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफल लाई जनाउँदछ र "डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादर द्वारा Discount Rate वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रबाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

ढ) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति ( अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री नेपाल लाइफ क्यापिटल लिमिटेडलाई सम्झनु पर्छ ।

ण) **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

त) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

थ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको कर पछिको खुद नाफालाई जम्मा कायम शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

द) **"वैदेशिक रोजगारी"** भन्नाले नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सम्झनु पर्दछ ।

ध) **"विप्रेषण (रेमिटयान्स) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न प्राप्त आश्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स) बचत खाता सम्झनुपर्छ ।

**ख.२.विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल; वेवसाइट : **www.prabhucapital.com** फोन नं. ०१- ४१६९१००, |
| २. | टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड,का.म.पा-२२, खिचापोखरी काठमाण्डौ **www.tpkhp.com.np** |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, **www.sebon.gov.np** |
| **सि.नं.** | दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ : |
| १. | **आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा :**<br>१. टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना कार्यालय, भोजपुर ।<br>२. प्रभु बैंक लिमिटेड, भोजपुर शाखा ।<br>३. प्रभु बैंक लिमिटेड, प्याउली शाखा ।<br>४. प्रभु बैंक लिमिटेड, हटुवागढी शाखा ।<br>५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, भोजपुर शाखा ।<br>६. प्रभु क्यापिटल लिमिटेडको कमलादी ।<br>आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ । |
| २. | **वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु** :<br>नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सिआश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ |

**ग.१. धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सकारात्मक हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशीका, २०७४ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्कासन तथा बिक्रीप्रबन्धकहरुलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्कासन अनुमति प्रयोजनकालागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफ देहिता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग तथा विद्युत नियमन आयोग आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं । साथै कम्पनीले आ.व.२०८१/८२ को साधारण सभा मिति २०८२/०९/३० मा सम्पन्न गरी कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने कागजात पेश गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/१०/१५ को निर्णय अनुसार कम्पनी अद्यावधिक रहेको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको चलानी नं. १७१२१९, मिति २०८२/१०/१५ को पत्रबाट भईसकेको जानकारी गराउँदछौं ।

**ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :**

(१) यस कम्पनीका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस कम्पनीका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दशवर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन्

(५) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**ग.३.संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क.संगठित संस्थाको पृष्ठभूमि :**

(क) **संस्थाको नाम :** टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड (Taksar Pikhuwa khola Hydropower Ltd.)

(ख) **संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय ठेगाना : का.म.न.पा-२२, खिचापोखरी, काठमाण्डौं रहेको छ। आवश्यक परेको खण्डमा सम्बन्धित निकायमा आवश्यकतानुसार स्वीकृती लिई अन्य ठाउँमा पनि शाखा कार्यालय खोल्न सकिनेछ ।

(घ) **कारोबार गर्ने मुख्य स्थान** : यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र भोजपुर जिल्लाको भोजपुर नगरपालिका वडा नं. १२ रहेको छ। साथै यस कम्पनी कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७८।०७।१० मा कारोबार गर्न स्विकृति प्राप्त गरेको हो

(ङ) **संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०७१/०१/१० मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा **टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेडको नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई** कारोबार संचालन गर्दै आएको थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले **मिति २०७८/०६/१४ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत** भई **टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड**को नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो । कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

२. हाल यस कम्पनीमा ३९१ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र, निर्माण, परामर्श एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका व्यक्तित्वहरु रहेका छन् ।

३. यस कम्पनीले भोजपुर नगरपालिका तथा राम प्रसाद राई गाउंपालिका स्थित जलविद्युत आयोजनाबाट ८ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७३/०३/०३ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो ।

४. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७३ पौष १ मा भएको टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना ८ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता (PPA) तथा सो सम्झौतामा मिति २०७८।०८।१७ मा भएको छैठौं संशोधन अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७८ बैशाख १ गते (तदनुसार अप्रिल १४, २०२१) रही हाल विद्युत उत्पादन भईरहेको छ ।

५. कम्पनीले निर्माण गरेको टक्सार पिखुवा खोला जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत एक मुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७३ पौष १ मा विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ। सम्झौता अनुरुप आयोजनाले मिति २०७८।०१।०१ देखी व्यवसायीक उत्पादन गरी राष्ट्रिय प्रसारण लाईनमा जडान गरी बिक्री गरि रहेको छ ।

६. टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना (८ मे.वा.) को मिति २०७३/०३/०३ मा नेपाल सरकार, ऊर्जा मन्त्रालय, बिद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७२/७३ वि.उ. १५९ प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०८/०३/०२ गते सम्म बहाल रहेको ले मिति २०८२।०४।०१ बाट २५ वर्ष ११ महिना बाँकी छ। टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना (८ मे.वा.) को मिति २०७७/०३/१६ मा नेपाल सरकार, ऊर्जा मन्त्रालय, जलस्रोत तथा सिंचाइ मन्त्रालय बिद्युत विकास विभागबाट विद्युत प्रसारणको अनुमतिपत्र (वि.वि.वि. ०७६/७७ वि.प्र १३४ प्राप्त भएको हो उक्त अनुमतिपत्र बहाल रहने अवधि २०७७/०३/१२ देखि २१०२/०३/११ सम्म) बहाल रहने छ ।

७. यस टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड आयोजना निर्माण सम्पन्न हुंदा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु.१ अर्ब ८८ करोड २१ लाख बैसाठी हजार रहेको छ ।

८. आयोजनाबाट उत्पादित विद्युत परिमाण, बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

| महिना | ऊर्जा परिमाप (सम्झौता अनुरुप) (KWH) | ऊर्जा परिमाप (विद्युत उत्पादन) (KWH) | करार इनर्जी र इनर्जीको फरक | करार इनर्जी र फरक इनर्जीको % | बिक्री दर (रु.) | बिक्री रकम (रु.) | प्राप्त रकम (रु.) | कारण |
|---|---|---|---|---|---|---|---|---|
| आ.व.२०७७/०७८ | | | | | | | | |
| वैशाख | २२३४३८७ | १३५८७७० | (८७५,६१७) | (३९.१९) | ४.८ | ५,४३६,१६७ | ५,४१३,२७१ | ट्रिपिङ र Contingency Plan को कारण |
| जेष्ठ | ३७५१७१९ | १५९४४२० | (२१५७,२९९) | (५७.५०) | ४.८ | ६,३७८,९५६ | ६,१८१,६१६ | |
| असार | ५७७८४३२ | ११९५२१० | (४५८३,२२२) | (७९.३२) | ४.८ | ४,७८१,७९६ | ४,५३०,७६४ | |
| आ.व.२०७८/०७९ | | | | | | | | |
| श्रावण | ५५९७८५६ | ६४५७७० | (४,९५२,०८६) | (८८.४६) | ४.८ | २,५८३,५९७ | २,५१४,०३८ | जेनेरेटरमा समस्या |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भाद्र | ५५९७८५६ | ३५८१४७० | (२,०१६,३८६) | (३६.०२) | ४.८ | १४,३२८,७४५ | १३६०३,४८४ | जेनेरेटरमा समस्या |
| आश्विन | ५५९७८५६ | ४४८४९३० | (१,११२,९२६) | (१९.८८) | ४.८ | १७९४३,३०८ | १७५८०,२०८ | |
| कार्तिक | ५४१७२८० | ३९४५३८० | (१,४७१,९००) | (२७.१७) | ४.८ | १५,७८४,६७६ | १५,४६३,७९७ | ट्रिपिङ र Contingency Plan को कारण |
| मंसिर | ३४२७५६६ | ३३८२४४० | (४५,१२६) | (१.३२) | ४.८ | १३५३२,४६६ | १२८५४,०९८ | |
| पौष | २५३५२५० | २५४०५३० | ५,२८० | ०.२१ | ८.४ | १७७८७,२६७ | १७४२४,८५३ | |
| माघ | १९९१५८६ | ६७३२५० | (१,३१८,३३६) | (६६.२०) | ८.४ | ४,७१३,६९३ | ४५३२,३१२ | टर्बाइनमा समस्या |
| फाल्गुण | १८६८७०६ | ० | (१,८६८,७०६) | (१००.००) | ८.४ | – | – | टर्बाइनमा समस्या |
| चैत्र | १७५१९८७ | ५७२३३० | (१,१४३,६५७) | (६६.६५) | ८.४ | ४,००७,१११ | ३,२५४,८७४ | |
| वैशाख | २२३४३८७ | १२७१६१० | (९६२,७७७) | (४३.०९) | ४.९४ | ५,०८७,४५७ | ४,४६३,३७६ | ट्रिपिङ र Contingency Plan को कारण |
| जेष्ठ | ३७५१७१९ | १९४१४२० | (१,८१०,२९९) | (४८.२५) | ४.९४ | ७९९३,७७७ | ७५८३,४१८ | |
| असार | ५७७८४३२ | ३३६८२०० | (२,४१०,२३२) | (४१.७१) | ४.९४ | १३,८६८,५३० | १३५७२,००२ | |
| आ.व.२०७९/०८० | | | | | | | | |
| श्रावण | ५५९७८५६ | ३६४५४१० | (१,९५२,४४६) | (३४.८८) | ४.९४ | १५,००९,९३९ | १४,७०२१२० | ट्रिपिङ र Contingency Plan को कारण |
| भाद्र | ५५९७८५६ | ४०५२६१० | (१,५४५,२४६) | (२७.६०) | ४.९४ | १६,६८६,५८१ | १५,८४८,०४५ | |
| आश्विन | ५५९७८५६ | ५०५३१९९.३३ | (५४४,६५७) | (९.७३) | ४.९४ | २०,८०६,४९८ | २०,३८६,४५२ | |
| कार्तिक | ५४१७२८० | ४४७४४०० | (९४२,८८०) | (१७.४१) | ४.९४ | १८,४२३,२९७ | १८,०५३,८७९ | |
| मंसिर | ३४२७५६६ | ३११७५९० | (३०९,९७६) | (९.०४) | ४.९४ | १२,८३६,६४६ | १२१९३,३७७ | |
| पौष | २५३५२५० | २५३५८८० | ६३० | ०.०२ | ८.६५ | १८,२८३१२४ | १७९१६,४०३ | |
| माघ | १९९१५८६ | १९१२३९० | (७९,१९६) | (३.९८) | ८.६५ | १३,७८७,९०२ | १३,५०९,३९२ | |
| फाल्गुण | १८६८७०६ | १६१५०९० | (२५३,६१६) | (१३.५७) | ८.६५ | ११,६४४,४३६ | ११,०५८,६२३ | |
| चैत्र | १७५१९८७ | १७९०१३० | ७४,१४३ | ४.३२ | ८.६५ | १२,९०६,४३५ | १२६४३,४३७ | |
| वैशाख | २२३४३८७ | १२५८०३० | (९७६,३५७) | (४३.७०) | ४.९४ | ५,१७९,९२६ | ५,०७१,४५९ | ट्रिपिङ र Contingency Plan को कारण |
| जेष्ठ | ३७५१७१९ | १८५१२६० | (१,९००,४५९) | (५०.६६) | ५.०९ | ७८५०,९१२ | ७,४५५,३९१ | |
| असार | ५७७८४३२ | ३४१०८१० | (२,३६७,६२२) | (४०.९७) | ५.०९ | १४,४६४,७२७ | १३,३६३,४७२ | |
| आ.व.२०८०/०८१ | | | | | | | | |
| श्रावण | ५५९७८५६ | ४७०१६९० | (८९६,१६६) | (१६.०१) | ५.०९ | २१,६९०,२५८ | २१,२४७५६२ | |
| भाद्र | ५५९७८५६ | ५०८१६५० | (५१६,२०६) | (९.२२) | ५.०९ | २३५५९,४७३ | २२,३७२,४७० | |
| आश्विन | ५५९७८५६ | ५१०३५०० | (४९४,३५६) | (८.८३) | ५.०९ | २३,६७०,०७४ | २३१९२,८६२ | |
| कार्तिक | ५४१७२८० | ४२७३४०० | (१,१४३,८८०) | (२१.१२) | ५.०९ | १९,८२०,०६३ | १९,४२२,९२१ | ट्रिपिङ र Contingency Plan को कारण |
| मंसिर | ३४२७५६६ | २४७९१३० | (९४८,४३६) | (२७.६७) | ५.०९ | ११,४९८,२२५ | १०,९२१,५६९ | |
| पौष | २५३५२५० | १८५६६०० | (६७८,६५०) | (२६.७७) | ८.९० | १५,०५६,४३२ | १४,७५३,९२७ | |
| माघ | १९९१५८६ | १६७९३३० | (३१२,२५६) | (१५.६८) | ८.९० | १३६१८,८२९ | १३,३४३,५९५ | |
| फाल्गुण | १८६८७०६ | १३७७३६० | (४९१,३४६) | (२६.२९) | ८.९० | ११,१६९,९४९ | १०,६१०,०१५ | ट्रिपिङ र Contingency Plan को कारण |
| चैत्र | १७५१९८७ | १३०३३७० | (४१२,६१७) | (२४.०५) | ८.९० | १०५६९,९१४ | १०,३५२,०५९ | |
| वैशाख | २२३४३८७ | १२४८३८० | (९८६,००७) | (४४.१३) | ५.०९ | ५,७८९,९९६ | ५,६७०,०६९ | |
| जेष्ठ | ३७५१७१९ | १७७७६४० | (१,९७४,०७९) | (५२.६२) | ५.२३ | ८,४७१,४७९ | ८,०४२,८७७ | |
| असार | ५७७८४३२ | ४२६११७० | (१,५१७,२६२) | (२६.२६) | ५.२३ | २०,३०६,९२९ | १९,८८७,४५५ | |
| आ.व.२०८१/०८२ | | | | | | | | |
| श्रावण | ५५९७८५६ | ५६२०७६० | २२,९०४ | ०.४१ | ५.२३ | २६,७८६,१५९ | २६,२४३,६६२ | |
| भाद्र | ५५९७८५६ | ५२५३८५० | (३४४,००६) | (६.१५) | ५.२३ | २५,०३७६२१ | २३,७७८,०९३ | |
| आश्विन | ५५९७८५६ | ४९८८३७० | (६०९,४८६) | (१०.८९) | ५.२३ | २३,७७२,४५६ | २३,२८८,११७ | |
| कार्तिक | ५४१७२८० | ५२१५०२० | (२०२,२६०) | (३.७३) | ५.२३ | २४,८५२,५७४ | २४,३५४,४६४ | |
| मंसिर | ३४२७५६६ | ३३९२३६० | (३५,२०६) | (१.०३) | ५.२३ | १६,१६६,५४९ | १५,३५६,६८३ | |
| पौष | २५३५२५० | २४२९८०० | (१०५,४५०) | (४.१६) | ९.१६ | २०,२८०,५४९ | १९,८७२,९२७ | |
| माघ | १९९१५८६ | १८७१६३० | (११९,९५६) | (६.०२) | ९.१६ | १५,६२१,७३२ | १५,३०३,४७६ | |
| फाल्गुण | १८६८७०६ | १४३८७१० | (४२९,९९६) | (२३.०१) | ९.१६ | १२,००८,३२५ | ११,७८६,२५४ | पानीको प्रवाह कम, ट्रिपिङ |
| चैत्र | १७५१९८७ | १३२११९७० | (४२४,०१७) | (२४.७१) | ९.१६ | १०,७८३,५४६ | १०,५६४,७०० | |
| वैशाख | २२३४३८७ | १४८९९६० | (७४४,४२७) | (३३.३२) | ५.२३ | ७,१००,५१८ | ६,९५४,५९१ | |
| जेष्ठ | ३७५१७१९ | १८८११५० | (१,८७०,५६९) | (४९.८६) | ५.३८ | ९,२२१,८७९ | ९,०३०,५६२ | |
| असार | ५७७८४३२ | ४४०९७६० | (१,३६८,६७२) | (२३.६९) | ५.३८ | २१,६१७७७२ | २१,१७५,३६२ | |
| आ.व.२०८२/०८३ | | | | | | | | |
| श्रावण | ५५९७८५६ | ४९९५७१० | (६०२१४६) | (१०.७६) | ५.३८ | २४,४९०,२४९ | २३,९९२,८२३ | |
| भाद्र | ५५९७८५६ | ५३२४०३० | (२७३८२६) | (४.८९) | ५.३८ | २६,०९९,७५८ | २५,५७२,३६५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आश्विन | ५५९७८५६ | ५०५४५०० | (५४३३५६) | (९.७१) | ५.३८ | २४,७७८,४५२ | २४,२७४,४१६ | |
| कार्तिक | ५४१७२८० | ५४४३७३० | २६४५० | ०.४९ | ५.३८ | २६,६८६,५५८ | २६,१४९,८६३ | |
| मंसिर | ३४२७५६६ | ४०४३९३० | ६१६३६४ | १७.९८ | ५.३८ | १९८२४३८० | १९४२६५१६ | |
| पौष | २५३५२५० | २९०९८७० | ३७४६२० | १४.७७ | ९.४१ | २४९५०३६६ | २४४५०९२६ | |

| आयोजना | रोयल्टि बृद्धि आ.व. |
|---|---|
| टक्सार पिखुवा खोला जलविद्युत आयोजना | नभएको |

| आयोजना | शत प्रतिशत आयकर छुट अवधि | ५० प्रतिशत आयकर छुट अवधि | सामान्य कर लागु |
|---|---|---|---|
| टक्सार पिखुवा खोला जलविद्युत आयोजना | १० वर्ष | ५ वर्ष | नभएको |

**९. आयोजनाको विद्युत खरिद सम्झौताका वखत र वित्तीय व्यवस्थापनको क्रममा आयोजनाको प्रक्षेपित लागत र व्यवसायिक उत्पादन भए पश्चातको वास्तविक लागतमा परेको फरकको विवरण:**

**रकम रु. हजारमा**

| विवरण | प्रक्षेपित लागत | वास्तविक लागत | वृद्धि/(न्युन) | वृद्धि/(न्युन) प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| प्रि अपरेटिङ्ग खर्च | ३०,०००.०० | २८,७६६.६५ | (१,२३३.३५) | (४.००%) | |
| सिभिल कार्य निर्माण लागत | ६६६,६२३.२६ | ७१५,७०६.३८ | ४९,०८३.१२ | ७.००% | प्रक्षेपित भन्दा बास्तविक बढि भएकोले |
| हाइड्रो मेकानिकल लागत | ४५८,९६३.८३ | ५४८,४७१.३९ | ८९,५०७.५६ | २०.००% | हाइड्रो मेकानिकलको अलाइनमेन्ट प्रक्षेपण भन्दा परिबर्तन भएको तथा पाइपको लागत प्रक्षेपित भन्दा बढि परेकोले । |
| प्लान्ट तथा मेसिनरी लागत | २११,९५६.८२ | २०७,४७८.२० | (४,४७८.६२) | (२.००%) | |
| ट्रान्समिसन लाइन र सबस्टेसन | २६,८३८.०० | ३१,१३०.८९ | ४,२९२.८९ | १६.००% | प्लान्ट तथा मेसिनरीमा प्रक्षेपण गरेको रकम विद्यमान भन्दा सबस्टेसन अन्तर्गत बढी भएकोले |
| जग्गा खरीद | ३५,०१७.५० | २७,३००.०० | (७,७१७.५०) | (२२.००%) | जग्गा खरीद बापत प्रक्षेतित भन्दा कम खर्च भएकोले |
| साइट अफिस बिल्डिङ्ग | ९,००२.१२ | ८,००६.३२ | (९९५.८०) | (११.००%) | साइट अफिस बिल्डिङ्ग बापत प्रक्षेतित भन्दा कम खर्च भएकोले |
| ईन्फ्राइस्टक्चर | ३१,३२३.६० | ११,२११.३१ | (२०,११२.२९) | (६४.००%) | ईन्फ्राइस्टक्चर बापत प्रक्षेतित भन्दा कम खर्च भएकोले |
| वातावरणीय क्षति न्यूनीकरण र सामाजिक योगदान | ४२,०००.०० | ३०,४०४.०२ | (११,५९५.९८) | (२८.००%) | वातावरणीय क्षति न्यूनीकरण बापत प्रक्षेतित भन्दा कम खर्च भएकोले |
| विस्तृत इन्जिनियरिङ्ग, आयोजना व्यवस्थापन र निरिक्षण | ६१,८५५.७० | ८२,८५५.८७ | २१,०००.१७ | ३४.००% | आयोजना सम्पन गर्न प्रक्षेपित भन्दा अधिक समय लागेकाले व्यवस्थापन खर्च बढेकोले |
| इन्सुरेन्स लागत | १६,१८२.७२ | ४,६५५.१० | (११,५२७.६२) | (७१.००%) | इन्सुरेन्स बापत प्रक्षेतित भन्दा कम खर्च भएकोले |

| | | | | | |
|---|---|---|---|---|---|
| ब्याज पुँजीकरण तथा कर्जा व्यवस्थापन शुल्क | १३०,२३६.४५ | १८६,०६१.१९ | ५५,८२४.७४ | ४३.००% | आयोजना सम्पन गर्न प्रक्षेपित भन्दा अधिक समय लागेको तथा सो समयमा बैक ब्याजदर प्रक्षेति भन्दा उच्च रहेकोले |
| **जम्मा** | १,७२०,०००.०० | १,८८२,०४७.३२ | १६२,०४७.३२ | ९.००% | |

**आयोजनाको प्रसारण लाइन सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ :**

| | |
|---|---|
| प्रसारण लाइनको दुरी | ७.५ कि.मी |
| प्रसारण लाइन जोडिने नेपाल बिद्युत प्राधिकरणको सबस्टेशन | पानीटंकी भोजपुर बजार |
| खम्बा (Pole) को संख्याः | १९२ वटा |
| भोल्टेज लेभल | ३३ के.भी. |
| निर्माण प्रगति प्रतिशत | शत प्रतिशत |
| प्रसारण लाइन सम्बन्धी अनुमति सम्बन्धी विवरण | **अनुमतिपत्र नं. :** वि.वि.वि. ०७६/७७ वि.प्र. १३४<br>**अनुमतिपत्र बहाल रहने अवधि :** मिति २०७७।३।१२ देखि २१०२।३।११ सम्म<br>**हक हस्तान्तरण :** विद्युत प्रसारण को अनुमतिपत्रको बुदां नं.६ (ठ) मा अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत ऐन, २०४९ मा भएको व्यवस्था र सोमा समय समयमा हुने संसोधन अनुसार आयोजना चालु हालतमा निःशुल्क नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ भनि उल्लेख भएको छ। |

**प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा भएका मुख्य-मुख्य बुँदाहरुः**

● यो आयोजना तल्लो उष्ण प्रदेशीय जलवायु क्षेत्रमा पर्दछ। यस आयोजनाको उचाई समुन्द्र सतह देखि १०२७ देखि ११४० मिटर रहेको छ। यस आयोजना क्षेत्रमा मुख्य वनको प्रकार तल्लो उष्ण प्रदेशीय क्षेत्रमा रहेको छ।

● यस आयोजना क्षेत्रमा मुख्य वनको प्रकार तल्लो उष्ण प्रदेशीय क्षेत्रमा रहेको छ। बोट बिरुवामा उच्च विविधता रहेको छ। उत्तिस, चिलाउने, कटुस, आकुरी कोइरालो, जामुन, मौवा, सिमल आयोजना क्षेत्रमा पाउने मुख्य रुखका प्रजाति हुन।

● आयोजनाका प्रस्तावित संरचनाहरु नेपाल सरकारको राष्ट्रिय वन क्षेत्र, सामुदायिक वन, बाँझो जमिन र निजि जमिनमा पर्दछन।

● आयोजनाले निमार्ण गर्ने संरचनाहरु निर्माण गर्न सरकारी जग्गामा कूल १४० वटा रुख कटान गर्नुपर्ने देखिन्छ।

● आयोजनाको लागि कुल ५.३९ हेक्टर जमिन आवश्यक पर्ने देखिन्छ जसमा १.४६७३ हे सरकारी जमिन र ३.९२२७ हे. जमिन निजि स्वामित्वको पर्दछ।

●कम्तिमा १०% पानि तल्लो तटिए क्षेत्रमा छोडिने छ।

● आयोजनाले प्रयोग गरेको जग्गा, बालि नालिमा पुग्न गएको हानि नोक्सानि आदिको कम्पनीले स्थानिय बासिन्दालाई क्षतिपूर्ति उपलब्ध गराउनेछ।

**वातावरणीय प्रभावहरु**

१. सकारात्मक प्रभाव :

● यस आयोजनाबाट आयोजना क्षेत्रमा प्रभाव पर्न सक्ने सकारात्मक प्रभावहरुमा १३७ व्यक्तिहरुलाई रोजगारी, आर्थिक वृद्धि, प्राविधिक सिप तथा दक्षतामा वृद्धि, जलविद्युत निर्माण र आयेजना स्थल वरपर वनस्पति र हरियालीको विकास रहेका छन्। त्यस्तै यस आयोजनाले चालु अवधिमा १७ व्यक्तिहरुलाई रोजगारी , वार्षिक कुल २८.४१ गिगाववाट आवर जसमा सुख्खायाममा ४.९० गिगावाट आवर र वर्षायाममा २३.५१ गिगावाट आवर उर्जा उत्पादन हुन्छ।

२. नकारात्मक प्रभाव :

● यस आयोजनाले पार्न सक्ने प्रमुख भौतिक वातावरणीय प्रभावमा भू- उपयोगमा परिवर्तन हुन्।

● त्यस्तै निमार्णको क्रममा तेल, मोबिल, ग्रिज ईन्धन तथा अन्य तरल पदार्थको चुहावट, जमिनको अस्थिरता, भू-क्षय, प्राकृतिक जल प्रवाहमा परिवर्तन आदि।

● जैविक वातावरणमा पर्ने मुख्य असरमा १४० वटा रुख काटिनु हो। त्यस्तै अन्य प्रभावमा वन्यजन्तुको बासस्थान तथा आवतजावतमा बाधा, जलचर प्राणिको बासस्थान तथा आवतजावतमा अवरोध हुने हुनसक्छ।

● सामाजिक प्रभावअर्न्तगत खेतियोग्य जमिनको विनास, खोलामा पानीको बहाव घट्नाले स्थानियलाई पार्ने प्रभाव र सार्वजानिक सेवा र संरचनामा दबाब बढ्न सक्ने मुख्य सामाजिक असरहरु हुन्।

● सामाजिक न्यूनीकरणको सारांश सामुदायिक सहयोग कार्यक्रम सहितको लागत रु.३०,४०४,०१५ /- छ।

१०. कम्पनीले भोजपुर जिल्लाको भोजपुर नगरपालिका तथा राम प्रसाद राई गाउंपालिकामा ८ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरी मिति २०७८ बैशाख ०१ गते देखि आयोजना ब्यापारिक रुपमा संचालनमा आइरहेको छ।

| क्र. सं. | सम्झौताको नाम | सम्झौता मिति | सम्झौता गर्ने संस्था | सम्झौताको बिषयवस्तु | सम्झौता बहाल रहने अवधि |
|---|---|---|---|---|---|
| १ | विद्युत खरिद बिक्रि सम्झौता | २०७३/०९/०१ | नेपाल विद्युत प्राधिकरण | जलविद्युत खरिद र बिक्रि गर्ने सहमति | २१०८/०३/०२ |
| २ | आयोजना ऋण सम्झौता | २०७५/०८/१९ | सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड/माछापुच्छ्रे बैंक लिमिटेड | आयोजना निर्माणको लागि पूँजी व्यवस्थापन | ऋण बाँकि रहेसम्म |
| ३ | आईपिओका लागि शेयर प्रत्याभूतिकर्ता नियुक्ती सम्बन्धि सम्झौता | २०८२/०९/२५ | नेपाल लाइफ क्यापिटल लिमिटेड | शेयर प्रत्याभूती गर्ने | २०८३/०३/२४ |
| ४ | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्ने सम्झौता | २०७८/१२/१३ | प्रभु क्यापिटल लिमिटेड | शेयर निष्काशन तथा बिक्री प्रबन्ध गर्न | सम्झौता बमोजिमको कार्य सम्पन्न नभए सम्म |
| **क्र. सं.** | **इजाजतको नाम** | **इजाजत प्राप्त मिति** | **इजाजत दिने संस्था** | **इजाजतको विषयवस्तु** | **इजाजत वहाल रहने अवधि** |
| १ | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) | २०७१/१२/०३ | विद्युत विकास विभाग वातावरण शाखा | वातावरणीय मूल्याङ्कन | |
| २ | विद्युत उत्पादनको अनुमती पत्र | २०७३/०३/०३ | विद्युत विकास विभाग | विद्युत उत्पादन गर्ने | २१०८/०३/०२ |
| ३ | उद्योग दर्ता | २०७२/०४/२६ | उद्योग विभाग | जलविद्युत उत्पादन गर्ने | |
| ४ | कम्पनी दर्ता | मिति २०७१/०१/१०मा प्रा.लि. कम्पनीको रुपमा दर्ता भई मिति २०७८/०६/१४ मा पब्लिक लिमिटेडमा परिणत गरिएको | कम्पनी रजिष्ट्रार कार्यालय | कम्पनी सञ्चालन गर्ने | कम्पनी बन्द नभए सम्म |
| **क्र. सं.** | **प्रबन्धपत्र नियमावली संसोधित** | **संचालक समिति निर्णय मिति** | **साधारण सभाबाट अनुमोदन भएको मिति** | **संसोधित दफा र विषयवस्तु** | **कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएको मिति** |
| १ | साधारण सभाको निर्णय | २०८०/०४/१५ | २०८०/०५/०७ | प्रबन्धपत्रको दफा ६, (ग) र दफा ६ (ङ) २ नियमावलीको नियम २९, (२),(३) | २०८०/०५/१३ |
| २ | साधारण सभाको निर्णय | २०८१/०८/२७ | २०८१/०९/२३ | नियमावलीको नियम २७ (२) | २०८१/१०/१५ |

**११. आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :**

- **आयोजना स्थल :** भोजपुर नगरपालिका-१२ (साविकको टक्सार र दालगाउ गा.वि.स, भोजपुर)
- **श्रोत नदी :** टक्सार पिखुवा खोला
- **आयोजनाको किसिम :** रन अफ रिभर
- **डिजाइन डिस्चार्ज :** ७.२५ घन मिटर प्रति सेकेण्ड
- **उत्पादनहुने इनर्जी :** ४५.५१४ (GWh)
- **आयोजनाको उत्पादन क्षमता :** ८ मेगावाट
- **ग्रस हेड :** १४२.७६ मिटर
- **डाइभर्सन बाँध :** लम्बाई ४६ मिटर, उचाई १० मिटर
- **अपरोच क्यानल :** लम्बाई ३१७ मिटर, चौडाई २.७० मिटर, उचाई १.५० मिटर
- **सेट्टलिङ्ग वेसिन :** ५० मिटर, लम्बाई, ७.५० मिटर चौडाई, ३.७० मिटर उचाई
- **फोरबे : ७२** मिटर लम्बाई, १० मिटर चौडाई, २ मिटर उचाइ

- **स्टील पेनस्टक पाईप :** लम्बाई ३४१.१९ मिटर, व्यास १.७० मि.
- **पावरहाउस :** लम्बाई ३६ मिटर, चौडाई २० मिटर, उचाई
- **टेलरेस :** लम्बाई ३०४ मिटर, चौडाई २.१० मिटर, उचाई २.१० मिटर
- **टर्वाइन :** संख्या २, प्रति टर्वाइन आउटपुट ४.२०MW
- **जेनेरेटर :** ४७०५ KVA Per Unit (Two unit)
- **ट्रान्सफर्मर :** ५ KVA Per Unit (Two unit)
- **ट्रान्समिसन लाईन : ३३** KV,५ कि.मि.लम्बाई
- **आयोजनाको हालको अनुमानित लागत :** १८,८२०.४७ लाख

**आयोजनाको व्यापारीक उत्पादन शुरु भएको वर्षलाई आधार वर्ष मान्दा कम्पनीको वित्तिय परिसुचक -**

| | |
|---|---|
| आयोजनाको कूल लागत निर्माण अवधिको ब्याज समेत | रु.१,८८,२०,४७,३१६/– |
| आयोजनाको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत | रु.२३,५२,५५,९१४/– |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) | ९.१७ बर्ष |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period at 9% Discount rate) | १८.३७ बर्ष |
| Net Present Value (NPV) | रु. २०,८०,८५,८९४/– |
| Internal Rate of Return (IRR) | १०.२८ % |

। नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तिसौं वर्षको नगद प्रबाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रबाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return(IRR) गणना गरिएको छ । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधिअनुरुप गणना गरिएको छ ।

**Net Present Value (NPV)** तथा **Internal Rate of Return (IRR)** गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flow t1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0

where,
r = Discount rate
t = Number of time periods

2. IRR= Ct - C0
(1+r)t

Where,
Ct = Net cash inflow during the period t
C0= Total initial investment costs
r = Discount rate

**टक्सार पिखुवा खोला हाईड्रोपावर लिमिटेड**
**टक्सार पिखुवा खोला जलविद्युत आयोजना**
**(८ मे.वा.)**

**Cash Inflows from Profit (Project Life: 30 Years)**

**Cost of Capital: 9% (Presumed)**

**रु हजारमा**

| वर्ष | लगानि | आय | संचालन तथा व्यवस्थापन | रोयल्टी | व्याज खर्च | ह्रास कट्टी | बोनस | कर अघिको आम्दानी | कर (0% %,१0%, २0%) | कर पछिको आम्दानी | नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **A** | **B** | **c** | **D** | **E** | **F** | **G** | **h** | **i** | **j** | **k** | **L= (b+f+g+k )** |
| □.□ २०७७/७८ | (१,८१३,५२६) | १६,५९७ | ८,०३९ | १,१३२ | २८,४९७ | १०,७२२ | – | (३१,७९३) | – | (३१,७९३) | (१,८०६,१००) |
| □.□ २०७८/७९ | (६८,५२२) | १३५,१३१ | ३१,११८ | ३,१४६ | ११८,३१६ | ४३,०२१ | – | (६०,४७१) | – | (६०,४७१) | ३२,३४५ |
| □.□ २०७९/८० | – | १६७,९२३ | ४२,४०९ | ४,१५७ | ११७,०६७ | ४२,९५२ | – | (३८,६६२) | – | (३८,६६२) | १२१,३५७ |
| □.□ २०८०/८१ | – | ३६०,७३० | ४५,२२४ | ४,८४८ | ११४,९९२ | ४२,८८९ | – | १५२,७७६ | – | १५२,७७६ | ३१०,६५७ |
| □.□ २०८१/८२ | – | २११,४९१ | ४५,७७० | ५,७०४ | ९८,४४२ | ६७,१८७ | – | (५,६१३) | – | (५,६१३) | १६०,०१७ |
| □.□ २०८२/८३ | – | २५१,१७७ | ३९,२९६ | ५,८२४ | १०७,३२८ | ६७,२२८ | ६१८ | ३०,८८४ | – | ३०,८८४ | २०५,४४० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □.□ २०८३/८४ | – | २७१,३८६ | ३४,९९८ | ५,९२७ | ७६,४४८ | ६७,२२८ | १,७०२ | ८५,०८४ | – | ८५,०८४ | २२८,७६० |
| □.□ २०८४/८५ | – | २७१,३८६ | ३५,२७० | ५,९२७ | ७४,५५१ | ६७,२२८ | १,७३४ | ८६,६७७ | – | ८६,६७७ | २२८,४५६ |
| □.□ २०८५/८६ | – | २७१,३८६ | ३५,५२९ | ५,९२७ | ६९,६८८ | ६७,२२८ | १,८२४ | ९१,१९० | – | ९१,१९० | २२८,१०६ |
| □.□ २०८६/८७ | – | २९२,९८६ | ३५,७६९ | ५,९२७ | ६२,३१४ | ६७,२२८ | २,३८७ | ११९,३६२ | – | ११९,३६२ | २४८,९०३ |
| □.□ २०८७/८८ | – | २९२,९८६ | ३५,९९८ | ५,९२७ | ५३,४०८ | ६७,२२८ | २,५५७ | १२७,८६७ | १५,९८३ | १११,८८४ | २३२,५२० |
| □.□ २०८८/८९ | – | २९२,९८६ | ३६,२२८ | ५,९२७ | ४३,५९२ | ६७,०७८ | २,७४८ | १३७,४१३ | १७,१७७ | १२०,२३६ | २३०,९०७ |
| □.□ २०८९/९० | – | २९२,९८६ | ३६,४५७ | ५,९२७ | ३२,३५९ | ६६,८२२ | २,९६९ | १४८,४५३ | १८,५५७ | १२९,८९६ | २२९,०७७ |
| □.□ २०९०/९१ | – | २९२,९८६ | ३६,६८५ | ५,९२७ | १९,९१५ | ६६,८२२ | ३,२०९ | १६०,४३० | २०,०५४ | १४०,३७६ | २२७,११२ |
| □.□ २०९१/९२ | – | २९२,९८६ | ३६,९०८ | ५,९२७ | ७,०८७ | ६६,८२२ | ३,४५६ | १७२,७८६ | २१,५९८ | १५१,१८८ | २२५,०९७ |
| □.□ २०९२/९३ | – | ३२१,४६८ | ३७,२०४ | ३६,४८२ | – | ६६,८२२ | ३,५४८ | १७७,४१२ | ३५,४८२ | १४१,९३० | २०८,७५१ |
| □.□ २०९३/९४ | – | ३२१,४६८ | ३७,६०१ | ३६,४८२ | – | ६६,७२३ | ३,५४२ | १७७,११९ | ३५,४२४ | १४१,६९६ | २०८,४१९ |
| □.□ २०९४/९५ | – | ३२१,४६८ | ३८,०११ | ३६,४८२ | – | ६६,६७६ | ३,५३५ | १७६,७६४ | ३५,३५३ | १४१,४११ | २०८,०८७ |
| □.□ २०९५/९६ | – | ३२१,४६८ | ३८,४३४ | ३६,४८२ | – | ६६,८२२ | ३,५२४ | १७६,२०७ | ३५,२४१ | १४०,९६५ | २०७,७८७ |
| □.□ २०९६/९७ | – | ३२१,४६८ | ३८,८७१ | ३६,४८२ | – | ६६,८२२ | ३,५१६ | १७५,७७८ | ३५,१५६ | १४०,६२२ | २०७,४४४ |
| □.□ २०९७/९८ | – | ३२१,४६८ | ३९,३२२ | ३६,४८२ | – | ६६,८२२ | ३,५०७ | १७५,३३६ | ३५,०६७ | १४०,२६९ | २०७,०९० |
| □.□ २०९८/९९ | – | ३२१,४६८ | ३९,७८८ | ३६,४८२ | – | ६६,८२२ | ३,४९८ | १७४,८७९ | ३४,९७६ | १३९,९०४ | २०६,७२५ |
| □.□ २०९९/०० | – | ३२१,४६८ | ४०,२६८ | ३६,४८२ | – | ६६,८२२ | ३,४८८ | १७४,४०९ | ३४,८८२ | १३९,५२७ | २०६,३४८ |
| □.□ २१००/०१ | – | ३२१,४६८ | ४०,७६३ | ३६,४८२ | – | ६६,८२२ | ३,४७८ | १७३,९२३ | ३४,७८५ | १३९,१३९ | २०५,९६० |
| □.□ २१०१/०२ | – | ३२१,४६८ | ४१,२७३ | ३६,४८२ | – | ६६,८२२ | ३,४६८ | १७३,४२३ | ३४,६८५ | १३८,७३८ | २०५,५६० |
| □.□ २१०२/०३ | – | ३२१,४६८ | ४१,७९९ | ३६,४८२ | – | ६६,८२२ | ३,४५८ | १७२,९०७ | ३४,५८१ | १३८,३२६ | २०५,१४७ |
| □.□ २१०३/०४ | – | ३२१,४६८ | ४२,३४१ | ३६,४८२ | – | ६६,८२२ | ३,४४८ | १७२,३७६ | ३४,४७५ | १३७,९०१ | २०४,७२३ |
| □.□ २१०४/०५ | – | ३२१,४६८ | ४२,८९९ | ३६,४८२ | – | ६६,८२२ | ३,४३७ | १७१,८२९ | ३४,३६६ | १३७,४६४ | २०४,२८५ |
| □.□ २१०५/०६ | – | ३२१,४६८ | ४३,४७३ | ३६,४८२ | – | ६६,८२२ | ३,४२५ | १७१,२६६ | ३४,२५३ | १३७,०१३ | २०३,८३५ |
| □.□ २१०६/०७ | – | ३२१,४६८ | ४४,०६४ | ३६,४८२ | – | ६६,८२२ | ३,४१४ | १७०,६८७ | ३४,१३७ | १३६,५४९ | २०३,३७१ |
| □.□ २१०७/०८ | – | ३२१,४६८ | ४४,६७३ | ३६,४८२ | – | ११,२५८ | ४,४९१ | २२४,५६४ | ४४,९१३ | १७९,६५१ | १९०,९०९ |

| | |
|---|---|
| Net Present Value (NPV) Rs '000 | २०८,०८६ |
| Internal Rate of Return (IRR) | १०.२८% |
| B/C Ratio / Profitability Index | १.१२ |

**Pay Back Period** **Cost of Capital 9 %** ***Amount in NRS '000***

| Year | Loan & Equity Investment | Profit After Tax | Depreciation | Interest | Annual Cash Flow | Cummulative Cash Flows | DF | Discounted Cash Flow | Cummulative Discounted Cash Flows |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | (१,८१३,५२६) | (३१,७९३) | १०,७२२ | २८,४९७ | (१,८०६,१००) | (१,८०६,१००) | १.०० | (१,८०६,१००) | (१,८०६,१००) |
| १ | (६८,५२२) | (६०,४७१) | ४३,०२१ | ११८,३१६ | ३२,३४५ | (१,७७३,७५५) | ०.९२ | २९,६७४ | (१,७७६,४२६) |
| २ | – | (३८,६६२) | ४२,९५२ | ११७,०६७ | १२१,३५७ | (१,६५२,३९८) | ०.८४ | १०२,१४४ | (१,६७४,२८२) |
| ३ | – | १५२,७७६ | ४२,८८९ | ११४,९९२ | ३१०,६५७ | (१,३४१,७४१) | ०.७७ | २३९,८८४ | (१,४३४,३९८) |
| ४ | – | (५,६१३) | ६७,१८७ | ९८,४४२ | १६०,०१७ | (१,१८१,७२४) | ०.७१ | ११३,३६० | (१,३२१,०३८) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | - | ३०,८८४ | ६७,२२८ | १०७,३२८ | २०५,४४० | (९७६,२८४) | ०.६५ | १३३,५२२ | (१,१८७,५१६) |
| ६ | - | ८५,०८४ | ६७,२२८ | ७६,४४८ | २२८,७६० | (७४७,५२५) | ०.६० | १३६,४०२ | (१,०५१,११४) |
| ७ | - | ८६,६७७ | ६७,२२८ | ७४,५५१ | २२८,४५६ | (५१९,०६९) | ०.५५ | १२४,९७३ | (९२६,१४१) |
| ८ | - | ९१,१९० | ६७,२२८ | ६९,६८८ | २२८,१०६ | (२९०,९६३) | ०.५० | ११४,४७९ | (८११,६६२) |
| ९ | - | ११९,३६२ | ६७,२२८ | ६२,३१४ | २४८,९०३ | (४२,०५९) | ०.४६ | ११४,६०२ | (६९७,०६०) |
| १० | - | १२७,८६७ | ६७,२२८ | ५३,४०८ | २४८,५०४ | २०६,४४५ | ०.४२ | १०४,९७१ | (५९२,०८९) |
| ११ | - | १३७,४१३ | ६७,०७८ | ४३,५९२ | २४८,०८३ | ४५४,५२८ | ०.३९ | ९६,१४० | (४९५,९४९) |
| १२ | - | १४८,४५३ | ६६,८२२ | ३२,३५९ | २४७,६३३ | ७०२,१६१ | ०.३६ | ८८,०४२ | (४०७,९०७) |
| १३ | - | १६०,४३० | ६६,८२२ | १९,९१५ | २४७,१६६ | ९४९,३२७ | ०.३३ | ८०,६२० | (३२७,२८६) |
| १४ | - | १७२,७८६ | ६६,८२२ | ७,०८७ | २४६,६९५ | १,१९६,०२२ | ०.३० | ७३,८२३ | (२५३,४६४) |
| १५ | - | १७७,४१२ | ६६,८२२ | - | २४४,२३४ | १,४४०,२५६ | ०.२७ | ६७,०५१ | (१८६,४१२) |
| १६ | - | १७७,११९ | ६६,७२३ | - | २४३,८४३ | १,६८४,०९९ | ०.२५ | ६१,४१७ | (१२४,९९६) |
| १७ | - | १७६,७६४ | ६६,६७६ | - | २४३,४४० | १,९२७,५३९ | ०.२३ | ५६,२५३ | (६८,७४३) |
| १८ | - | १७६,२०७ | ६६,८२२ | - | २४३,०२८ | २,१७०,५६७ | ०.२१ | ५१,५२० | (१७,२२३) |
| १९ | - | १७५,७७८ | ६६,८२२ | - | २४२,६०० | २,४१३,१६७ | ०.१९ | ४७,१८३ | २९,९६० |
| २० | - | १७५,३३६ | ६६,८२२ | - | २४२,१५७ | २,६५५,३२४ | ०.१८ | ४३,२०८ | ७३,१६९ |
| **Simple Payback Period (Years)** **साधारण लगानी फिर्ता हुने अवधि बर्ष** | | | | | | | | | ९.१७ |
| **Discounted Payback Period (Years)** **डिस्काउटेड लगानी फिर्ता हुने अवधि बर्ष** | | | | | | | | | १८.३७ |

. **१२. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :**

१२.१ प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा घण्टा रु ४।८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु ८।४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुनेगरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ ( पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि-व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्र सम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मंसीर सम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि सम्झौताअवधि सम्म | ९।६६ | ५।५२ |

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनपर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार बार्षिक मूल्य बृद्धि दिई कायम गरिने छ ।

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा २ वटा मात्र मूल्यवृद्धि दिईन ।
(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ५१ वटा मात्र मूल्यबृद्धि दिईनेछ ।
(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा मूल्यवृद्धि दिईनेछैन ।

१२.२ प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy ) खरीद गरेमा सोको हकमा दफा १२.१ अनुसारको खरीद दरको ५०% ( पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

१२.३ मासिक बिलिंग गर्दा कम्पनीले प्राधिकरणवाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिंगमा समायोजन गरिनेछ ।

१२.४ व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

**आयोजनाहरुबाट बर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:**

| | |
|---|---|
| सुख्खा याम (पौष देखि चैत्रसम्मको) कूल इनर्जी (kWh) | ८,१११,५२९ |
| वर्षा याम (वैशाख देखि मंसीरसम्मको) कूल इनर्जी (kWh) | ३७,४०२,९५३ |
| **जम्मा वार्षिक (kWh)** | **४५,५१४,४८१** |

- **विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा:**

कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । कावु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।
साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनु पर्ने कार्यहरु समयभित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नुपर्नेछ :

कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ :
हर्जाना रकम रु.०.०५ X कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा हसन आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने तर प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नुपर्ने रकमको पचास प्रतिशतभन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

**विद्युत खरिद बिक्री**

**विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने**

१०.१ प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ । तर कनेक्सन एग्रिमेन्टसाथ संलग्न GIS report मा उल्लेख भए अनुसार ईश्वी आर्थिक वर्ष २०१९।२० देखि २०२८।२९ सम्मको अवधिमा प्राधिकरणको भार प्रेषण केन्द्रको निर्देशन बमोजिम आयोजना संचालन गर्नु पर्दा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्ने छैन ।
१०.२ कन्ट्र्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (अस्सी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत संभार वा काबू बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ :
क्षतिपूर्ति रकम रु.
= [०.८x सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा-सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत संभार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा ] ह सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर;
यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ । क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नु पर्ने छैन ।
यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ ।

१०.३ यस दफा १० मा उल्लेख भए अनुसार प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-**

(क) स्विकृती लिनु पर्नेमा सम्वन्धित निकायबाट स्विकृती लिई नेपाल राज्यको विभिन्न भागमा रहेको नदी, नाला तालबाट निजि क्षेत्रमा जलविद्युत उत्पादन गर्ने, प्रसारण गर्ने साथै स्वदेश तथा विदेशमा समेत विक्री वितरण गर्ने ।

(ख) जलविद्युत निर्माण गरी उत्पादन गर्ने प्रशारण गर्ने तथा विक्री वितरण गर्ने ।

(ग) विद्युत उर्जाको आवश्यकता अनुसार नेपाल भर जलविद्युत वाहेक  अन्य (सौर्य वायु, तापिय) स्रोतबाट पनि विद्युत उर्जा उत्पादन गरी स्वदेश तथा विदेशमा समेत प्रसारण र विक्री वितरण गर्ने ।

